"मेरो सपनाको जन्तेढुङ्गा"

# जन्तेढुङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

https://jantedhungamun.gov.np
info@jantedhungamun.gov.np
jantedhungarmo@gmail.com

चिसापानी, खोटाङ
कोशी प्रदेश, नेपाल

प. सं. २०८२/०८३
च.नं.

# तह वृद्धिको लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना !

**प्रकाशित मिति: २०८२/०८/२४ गते, ने.स ११४६ षष्ठी बुधबार**

प्रस्तुत विषयमा यस गाउँपालिका र मातहतकाको कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धिको लागि कोशी प्रदेशको **"स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०"** को दफा ४ को उपदफा (५) दफा ८ को उपदफा (१६) र (१७) र दफा २७ को उपदफा (१) तथा **"जन्तेढुङ्गा गाउँपालिकाको कर्मचारीहरुको बढुवा, तह वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८०"** को दफा ४ को उपदफा (१), (५) र (६) बमोजिम योग्यता पुगेका कर्मचारीहरुले दफा ४ को उपदफा (७) को प्रयोजनार्थ यो सूचना प्रकाशन भएको मितिले तीस(३०) दिन भित्र तह बृद्धिको लागि तपसिलको आवश्यक कागजातहरु सहित यस कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. तह बृद्धिको आवेदन,
२. स्थायी नियुक्ति पत्रको प्रतिलिपि,
३. समायोजना भएको पत्र वा सङ्घीय लोकसेवा आयोगको सिफारिस र नियुक्ति पत्रको प्रतिलिपि,
४. सरुवा पत्रको प्रतिलिपि(सरुवा भएको कर्मचारीको हकमा),
५. तह वृद्धि नभएको स्वः घोषणा पत्र,
६. पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन,
७. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
८. असाधारण बिदा वा अध्ययन बिदामा नबसेको कार्यालयको सिफारिस,
९. निलम्बनमा नपरेको/बढुवा रोक्का वा तलब रोक्का नभएको कार्यालयको सिफारिस,
१०. अन्य आवश्यक कागजात।

.........................
**(सुमन गुरागाई)**
**प्रमुख प्रशासकीय अधिकृत**
सुमन गुरागाई
प्रमुख प्रशासकीय अधिकृत